# २०८० चैत ८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.सं. | मन्त्रालय | विषयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | वि.सं २०८१ वैशाख १७ देखि २३ सम्म भुटानको थिम्पुमा आयोजना हुने इसिमोडको बोर्ड अफ गभर्नरको बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय योजना आयोगको रिक्त ४ सदस्य पदमा प्रा. संगीता सिंह (काठमाडौं), डा. कुसेन्द्रबहादुर महत (जुम्ला), प्रा. शिवराज अधिकारी (पाल्पा) र डा. अरनिको कुमार पाँडे (ललितपुर) लाई नियुक्त गर्ने। |
| ३ | अर्थ मन्त्रालय | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गतका निकायहरूको समग्र संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न सहमति प्रदान गर्ने। |
| ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनाको लागि डोटी जिल्लामा १-५-१-१ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | तल्लो सेती (तनहुँ) जलविद्युत आयोजनाको लागि तनहुँ जिल्लामा करिब ५७७ रोपनी र चितवन जिल्लामा करिब ३२ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| ७ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | हुम्ला-फुकोट ४०० के.भी. प्रसारणलाइन आयोजनाअन्तगर्तको हुम्ला सवस्टेसन निर्माणको लागि हुम्ला जिल्लामा करिब ११३ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| ८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत उपभोग गर्ने ग्राहकहरूको विद्युत महसुलसम्बन्धी विवाद निरूपण गर्न रायसहित नेपाल सरकारसमक्ष प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको म्याद १५ (पन्ध्र) दिन अर्थात् २०८० चैत २५ सम्म थप गर्ने। |
| ९ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | एकीकृत कानूनी सहायतासम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| १० | गृह मन्त्रालय | अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणका लागि ३ महिनाभित्र सुझावसहितको प्रतिवेदन पेस गर्न उच्च अदालतका पूर्व न्यायाधीश श्री तेजबहादुर कार्कीको अध्यक्षतामा श्री पुस्कर कार्की (पूर्व AIGP) र श्री सञ्जीव मिश्र सहस्य रहने गरी ३ सदस्यीय जाँचबुझ आयोग गठन गर्ने। |

| | | |
|---|---|---|
| ११ | परराष्ट्र मन्त्रालय | माननीय उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्री श्री नारायणकाजी श्रेष्ठको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई २०८० चैत ११ देखि १९ सम्म जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण गर्न स्वीकृति प्रदान गर्ने। |
| १२ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय भूमि आयोग विघटन गर्ने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | श्री बृहत् शान्तिधाम नेपालले वार्षिक रूपमा बुझाउँदै आएको कबुलियत दस्तुर बापतको राजस्व मिनाहा गर्ने। |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल र गणतन्त्र कोरिया बीच कुटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पुरा भएको अवसरमा कोरियाली सातजना र नेपाली तीनजना गरी दशजना पर्वतारोहीहरुलाई सिन्धुपाल्चोक जिल्लामा अवस्थित जुगल-१ (६५९१ मी.) र जुगल-२ (६५१८ मी.) हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर मिनाहा दिने। |
| १५ | खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी नियमावली, २०८० स्वीकृत गर्ने। | |
| १६ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पद १ मा श्री चुडामणि पौडेललाई बढुवा नियुक्त गर्ने। | |